annapurnapost.com


# अन्नपूर्ण पोस्ट


वर्ष २४, अंक ८३ पृष्ठ ८ | काठमाडौं, सोमबार ५ साउन २०८२ | श्रावण कृष्णपक्ष एकादशी नेपाल संवत् ११४५ | MONDAY, JULY 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# मुलुकमा विवाहै नगरी एक्लै बस्न रुचाउने बढे

राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनले मुलुकमा विवाह नै नगरी एकल रूपमा बस्न रुचाउनेको संख्या बढ्दै गएको देखाएको छ। परिपक्व भएपछि मात्रै विवाह गर्ने र शैक्षिक अध्ययन/रोजगारीका लागि बिदेसिने प्रवृत्तिका कारण पनि अविवाहित (महिला-पुरुष) दुवैको संख्या बढ्दै गएको कार्यालयको विश्लेषण छ। यसले भावी दिनमा जनसांख्यिक सन्तुलन र लाभमा असर पुऱ्याउने विज्ञहरू बताउँछन्।




समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट

## इरानमा पानीको चरम अभाव, कम प्रयोग गर्न नागरिकलाई आग्रह

**तेहरान (एजेन्सी):** **इरानमा** जारी गर्मीका कारण पानीको चरम अभाव भइरहेका बेला इरानी अधिकारीहरूले त्यहाँका बासिन्दालाई पानीको खपत सीमित गर्न आग्रह गरेका छन्। विशेषगरी, इरानका दक्षिणी प्रान्तहरूमा पानीको अभाव एक प्रमुख मुद्दा हो। खानेपानी अभावको लागि भूमिगत स्रोतहरूको सही व्यवस्थापन नहुनु र हिफाजत नगर्नु वा अत्यधिक खर्च गर्नुका साथै जलवायु परिवर्तनको बढ्दो प्रभावलाई दोषी ठहऱ्याइएको छ।

शनिबार राष्ट्रिय मौसम सेवाले इरानमा अहिलेसम्मकै सबैभन्दा गर्मी हप्ता रेकर्ड भएको र केही क्षेत्रमा तापक्रम ५० डिग्री सेल्सियसभन्दा बढिरहेको जनाएको थियो। तेहरान नगर परिषद्का अध्यक्ष मेहदी चाम्रानले भने, 'नागरिकहरूले पानीको मागको दबाब कम गर्न मुहानहरूको संरक्षण र पानीको हिफाजतपूर्ण प्रयोग गर्नुपर्ने देखिएको छ।'

इरानका अधिकारीहरूले हालैका दिनहरूमा यस्तै अपिल जारी गर्दै धेरै प्रान्तका बासिन्दाहरूलाई पानीको प्रयोग सीमित गर्न आग्रह गरेका छन्।

## एमाले मुख्यालयमा ओली-भण्डारी वार्ता

### पार्टी सदस्यता नवीकरण गरिसकेँ : भण्डारी


अभिषेक महर्जन

सुरेन्द्र काफ्ले | *काठमाडौं*


प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच आइतबार करिब २ घण्टा भेटवार्ता भएको छ। एमाले मुख्यालय च्यासलमा भएको भेटवार्तामा भण्डारीको पार्टी सदस्यता नवीकरण र सक्रिय राजनीतिमा प्रवेशबारे छलफल भएको थियो। भेटवार्तापछि पूर्वराष्ट्रपति भण्डारीले ओलीसँग राष्ट्रिय राजनीतिबारे कुराकानी भएको बताइन्। 'उहाँ (ओली) सँग मेरो राष्ट्रिय राजनीतिबारे मात्रै कुराकानी भयो,' भण्डारीले सञ्चारकर्मीसँग भनिन्, 'पार्टीको सदस्यता मैले पहिल्यै नवीकरण गरेको छु। बाँकी जानकारी आधिकारिक च्यानलबाट आउने छन्।'

यसअघि पोलिटब्युरो बैठकपछि शनिबार प्रचारविभाग प्रमुख राजेन्द्रप्रसाद गौतमले भण्डारीको सदस्यता 'पेन्डिङ' मा राख्ने निर्णय भएको बताएका थिए। एमाले पूर्वउपाध्यक्ष भण्डारीको पार्टीमा पुनः आगमन र सदस्यता नवीकरणलाई लिएर एमालेमा विवाद भइरहेको छ।

» बाँकी पृष्ठ ३


## प्रधानमन्त्री ओली भदौ ३१ गते भारत भ्रमणमा जाने

**काठमाडौं** (अन्नपूर्ण): प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाने तय भएको छ। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भदौ ३१ (सेप्टेम्बर १६) गते प्रधानमन्त्री ओली नयाँ दिल्ली जान लागेका हुन्।



स्रोतका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समकक्षी ओलीलाई दुई दिने भ्रमणका लागि निमन्त्रणा पठाएका छन्। यद्यपि मिति तलमाथि हुन सक्ने परराष्ट्र स्रोतको भनाइ छ।

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री ओलीको भारत भ्रमणको तयारी थालेको जनाएको छ। त्यस अगाडि सचिवस्तरीय बैठक पनि हुने बताइएको छ। झन्डै ९ वर्षपश्चात् नेपाल-भारत गृहसचिवस्तरीय संयन्त्रको बैठक बस्न लागेको हो। आगामी ६ र ७ साउनमा भारतको राजधानी नयाँदिल्लीमा बैठक बस्न लागेको हो। गृहसचिव गोकर्णमणि दुवाडी नेतृत्वको नेपाली टोली सोमबार दिल्ली प्रस्थान गर्ने तयारीमा छ।




# पहाड र पश्चिम तराईमा धेरै रोपाइँ, पूर्वी तराईमा खडेरी

### २७.८६ प्रतिशत क्षेत्रमा रोपाइँ बाँकी



- ७२.१४ प्रतिशत धान रोपाइँ
- पानी नपर्दा कोशी र मधेस प्रदेशमा रोपाइँ कम
- समयमा रोपाइँ नहुँदा बिउ छिप्पिन थाले
- उत्पादनमा ह्रास आउने

ममता थापा | *काठमाडौं*

मध्यबर्खामा पनि पूर्वी तराईमा पानी परेको छैन। त्यसैकारण धान रोपाइँ हुन सकेको छैन। सिँचाइको अभाव र आकाशे पानीको भर पर्नुपर्ने स्थिति छ। साउन पहिलो साता लाग्दा पनि २७.८६ प्रतिशत क्षेत्रफलमा रोपाइँ गर्नै बाँकी छ।

मुलुकभर खेती भैरहेको जमिन २५ लाख २५ हजार हेक्टर छ। बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले प्रदेशहरूसँगको समन्वयमा तयार गरेको तथ्यांकअनुसार यसवर्ष १३ लाख ८३ हजार ७३२ हेक्टर क्षेत्रफल जमिनमा वर्षे धान लगाउन योग्य छ। साउन ४ गतेसम्म ९ लाख ९८ हजार २२८ हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको केन्द्रले जनाएको छ। अर्थात्, ३ लाख ८५ हजार ५०४ हेक्टर क्षेत्रफलमा अझै धान लगाउन बाँकी छ। कुल क्षेत्रफलको ७२.१४ प्रतिशत मात्रै वर्षे धान रोपाइँ भएको छ। जबकी गत वर्ष (२०८१ साउन ६ गते) सम्म ८४.६ प्रतिशत रोपाइँ भइसकेको थियो।

यसवर्ष सबैभन्दा कम रोपाइँ मधेस प्रदेशमा भएको छ। गत वर्ष साउन पहिलो साता मधेसमा ८०.६ प्रतिशत रोपाइँ भइसकेको थियो। तर, यसपटक साउन ४ गतेसम्म ४६.८३ प्रतिशत मात्रै रोपाइँ भएको छ। मधेस प्रदेशमा वर्षे धान हुने कुल क्षेत्रफल ३ लाख ७२ हजार ६४५ हेक्टर छ। यसमध्ये १ लाख ७४ हजार ५०८ हेक्टरमा मात्रै रोपाइँ भएको छ।

समयमा पानी नपरेकाले रोपाइँका लागिमात्रै होइन पिउने पानीकै हाहाकार भएको छ। पानी नपरेपछि किसानहरू इन्द्रदेवसँग पानी (वर्षा गरिदिन) बिन्ति बिसाइरहेका छन्। सिँचाइको सुविधा नभएको र खेतमा लगाएको बीउ पनि रोप्न नपाएर छिप्पिन लाग्दा किसानहरू चिन्तित छन्। हुनतः यसवर्ष मनसुन छिटो सुरु भए पनि प्रक्षेपण गरेजति पानी अझै नपरेकाले किसानलाई रोपाइँमा समस्या परेको बताउँछन्, बाली विज्ञ डा. टीका कार्की। यस वर्ष अझै मनसुन कायम भएकाले प्रक्षेपणअनुसार कतिबेला पानी वर्षिन्छ भन्ने एकिन नभएको उनको भनाइ छ। उनकाअनुसार समय ढिप्केको धानको बेर्ना रोप्दा उत्पादनमा कमी आउँछ। उनी भन्छन्, 'पहाडमा पनि यतिबेला अधिकांश नदी किनारका फाँटहरूमा पनि पानी नपर्दा मूल फुटेनन्।

त्यसैकारण धान रोपाइँमा समस्या परेको छ। जसले गर्दा समयमा रोपाइँ गर्न नपाउँदा धानका बेर्ना छिप्पिन थालेका छन्। ३० दिनको धानको बेर्ना रोप्नुपर्नेमा ४० दिन भइसकेकाले किसानहरू आत्तिएको अवस्था छ।

» बाँकी पृष्ठ ३